"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प. सं.:- ०७७/७८
च. नं.:-

फोन नं. : ०११-४९९४५१
फ्याक्स नं.: ०११-४९९२६७

मिति :२०७७/१२/१८

सूचना! सूचना!! सूचना!!!

उपरोक्त सम्बन्धमा आर्थिक बर्ष ०७७/०७८ मा बागमति प्रदेश सरकारबाट पाँचखाल नगरपालिकाका लागि हस्तान्तरण भएको सशर्त अनुदान तर्फको आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका तपशीलको योग्यता पूरा भएका बाबु आमा विहिन बालबालिकालाई प्रति बालबालिका मासिक रु २००० का दरले भत्ता वितरण कार्यक्रम रहेको छ। तपशीलका योग्यता पूरा भएका बालबालिका वा बालबालिकाको संरक्षणकर्ताले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र वडा कार्यालयमा देहायका कागजातसहित आवेदन दिनुहुन सम्पूर्णको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील:**

१ आमा र बाबु दुवैको मृत्यु भएका वा दुवै बेपत्ता वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेको,
२ १८ बर्ष उमेर पूरा नगरेको,
३ ५ बर्ष उमेर पूरा गरेको बालबालिकको हकमा विधालयमा भर्ना भई नियमित विधालय जाने गरेको,
४ कुनै गैरकानूनी वा अपराधिक कार्यमा संलग्न नभएको,
५ संघीय सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट अरु कुनै किसिमको भत्ता नलिएको ।

**देहाय:**

१ जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि),
२ बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै बेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चितिमा परेको प्रमाणित कागजात,
३ विधालयमा भर्ना भई नियमित विधालय जाने भनी विधालयले दिएको सिफारिसपत्र (५ बर्ष उमेर पूरा भएको बालबालिकाको हकमा मात्र),
४ संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
५ अन्य कुनै प्रकारको भत्ता नलिएको स्वघोषणा सहितको निवेदन ।

(शिव प्रसाद हुमेगाई)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ : श्री वडा समितिको कार्यालय (सबै), पाँचखाल नगरपालिका (२०७८/१/७ गतेभित्र संकलित आवेदन नगरपालिकामा बुझाउनुहुन)
श्री सूचना प्रविधि शाखा, (वेबसाइटमा अपलोड गरी वडा कार्यालयमा ईमेल गर्नुहुन)